# कपुरकोट गाउँपालिकाले स्थानिय तहको दोस्रो निर्वाचन पश्चात पहिलो एक वर्षको अवधीमा प्राप्त गरेका मुख्य उपलव्धीहरु

**८ जेष्ठ, २०८०**

******************************************************

नेपाली जनताको त्याग, संघर्ष र बलिदानबाट प्राप्त उपलब्धी अनुसार नेपालको संविधान २०७२ जारी भएपछि दोश्रो पटकको लागि मिति २०७९ बैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनवाट निर्वाचित भई मिति २०७९ जेष्ठ ६ गते पदभार ग्रहण गरेको सर्व विदितै छ। आजको दिनमा आई पुग्दा हामीले कपुरकोट गाउँपालिकाको भाग्य र भविष्य कोर्ने महत्वपूर्ण जिम्मेवारी प्राप्त गरि काम गर्ने दौडानमा एक वर्ष पार गरेका छौं। यस अवधीमा गाउँपालिकाको विकास र समृद्धिको लागि सहकार्य गर्नु हुने विभिन्न सरकारी निकाय, गैर सरकारी संघसंस्था लगाएत सबैमा हार्दिक कृतज्ञता प्रकट गर्दै यो अभियानमा साथ सहयोग पुर्‍याउने कपुरकोट गाउँपालिकावासी आम नागरिक, राजनीतिक दल, बुद्धिजीवी, नागरिक समाज, कर्मचारी, सुरक्षाकर्मी, पत्रकार लगाएत सम्पूर्ण महानुभावहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु। यो एक वर्षको अवधीमा कपुरकोट गाउँपालिकाले प्राप्त गरेका मुख्य उपलव्धीहरुलाई यहाँ प्रस्तुत गर्ने अनुमति चाहन्छु।

१. अध्याँरो मुक्त कपुरकोट वनाउने अभियान अन्तरगत पूर्ण विद्युतिकरण कार्यक्रम कार्यान्वयनका लागि नेपाल विद्यूत प्राधिकरणसंग रु सात करोड बराबरको विद्यूतिकरणको कार्यक्रम संझौता गरि कार्यान्वयनमा अगाडी बढेको छ।

२. वाल विवाह न्यूनीकरणका लागि विभिन्न गतिविधि सहित विशेष अभियान संचालन गर्नुका साथै उमेर पुगेकाको हकमा पनि विवाह गर्नु पूर्व शुभकामना सहितको वडाको सिफारिस लिनु पर्ने नियम लागु गर्ने पहिलो स्थानिय तह वनेको छ।

३. कपुरकोट तरकारी ब्राण्डीङ्ग लगाएत विभिन्न विषयमा सल्यान र रोल्पा जिल्लाका जनप्रतिनिधी सहित कर्णाली प्रदेशका भुमी व्यवस्था कृषि तथा सहकारी मन्त्री सहितको विज्ञ टोली विच बृहत अन्तरक्रिया सम्पन्न गरि कार्यान्वयनका लागि १२ बुदे कपुरकोट घोषणा पत्र जारी गरिएको छ।

४. सार्वजनीक विदाका दिनमा समेत सवै स्वास्थ्य संस्थाहरु खुल्ला राखि नियमित रुपमा स्वास्थ्य संस्थावाट सेवा प्रदान गर्ने काम भएको छ।

५. कपुरकोट कोईला सडक खण्डको समस्या समाधानका लागि उद्योग, टिप्पर संचालकसंग बृहत छलफल गरि सडक सुधार र टिप्पर व्यवस्थापनका लागि ८ बँदे समझदारी पत्र तयार गरि कार्यान्वयन।

६. जेष्ठ नागरिक र अपाङ्गता भएकाहरुको स्वास्थ्य अवस्थालाई ध्यानमा राखि प्रत्येक दुई महिनाको विचमा उनिहरुकै घरदैलोमा पुगि नियमित स्वास्थ्य परिक्षण र सामान्य औषधी उपचारको व्यवस्था गरिएको छ ।

७. सुत्केरी हुने आमा दिदी बैनीहरुका लागि सवै वडामा वर्थिङ्ग सेन्टरको व्यवस्था गर्नुका साथै पालिका भित्र निःशुल्क एम्वुलेन्स सेवा प्रदान गरिएको छ ।

८. एक चौमासिक एक स्वास्थ्य शिवीर कार्यक्रम अन्तर्गत ५ वटा (आँखा शिवीर २, अपाङ्ग शिवीर १, पाठेघरको स्क्रिनिङ्ग शिवीर २) स्वास्थ्य शिवीर संचालन भएको ।

९. सम्पूर्ण वडाहरमा टोल विकास संस्था गठन गरि सवै जनातालाई टोल विकास संस्था मातहतमा ल्याई साझेदारी विकासको मोडेल अगाडी बढाईएको ।

१०. एकिकृत योजनाको अवधारण वनाई टुक्रे योजनाको संख्यामा ५० प्रतिशत कम गर्ने काम भएको ।

११. वडा स्तरमा योजना सम्झौता र बैंङ्क खाता संचालन गर्ने कार्यको थालनी गरि भुक्तानी प्रकृयामा समेत सबै पक्षलाई जिम्मेवार वनाउनुको साथै योजनाको कार्य सम्पन्न पश्चात भुक्तानी हुनुपूर्व ७ दिने दावी विरोध सम्वन्धी सार्वजनिक सुचना प्रकाशन गर्ने प्रावधान ।

१२. ई हाजिरी मार्फत सबै कार्यालय, स्वास्थ्य संस्था र मा वि हरुमा अनलाईन हाजिरी प्रणालीको सुरुवात ।

१३. अनलाईन राजश्व प्रणाली र अनलाईन योजना व्यवस्थापन प्रणाली कार्यान्वयन ।

१४. गाउँपालिकाले आफ्नो O&M तयार गरि सोहि अनुसारको दरवन्दी संरचना कायम गरेको

१५. कर्मचारी पदपूर्ति गर्दा योग्यता र क्षमताको आधारमा प्रतिस्पर्धा गर्न सक्ने वातावरण सिर्जना गरि लोक सेवा आयोग र शिक्षा सेवा आयोगको परीक्षा प्रणालीमा आधारित पदपूर्ति लागु गरि स्वच्छ, निश्पक्ष रुपमा कर्मचारी छनौट हुने गरेको ।

१६. गाउँ प्रहरी ऐन जारी गरि प्रहरी सेवा गठन गर्नुका साथै शान्ति सुरक्षा, विपद व्यवस्थापन र राजश्व संकलनको कार्यमा परिचालन गरिएको ।

१७. पंचवर्षिय गाउँ शिक्षा योजना र शैक्षिक पार्वचित्र योजना निर्माण गरि शैक्षिक क्षेत्रमा सुधारका लागि सोही अनुरुप कार्य प्रारम्भ गरिएको ।

१८. हाम्रो कपुरकोट नामक स्थानीय पाठ्यक्रम तयार गरि कक्षा १ देखि ८ सम्मको स्थानीय पाठ्यक्रम कार्यान्वयनमा आएको ।

१९. हरेक योजनामै मर्मत संभारकोषका लागि वजेट विनियोजन गरि निर्माण सम्पन्न भएका योजनाहरुको टोल विकास संस्थालाई हस्तान्तरण गर्ने योजनाको सुरुवात भएको ।

२०.लेखा प्रणालीलाई व्यवस्थीत गर्न र वेरुजुलाई कमि गर्न विद्यालय स्तर सम्म आन्तरिक लेखा परिक्षण कार्यको शुभारम्भ भएको ।

२१. पालिका भित्र दक्ष र प्रतिस्पर्धि जनशक्ति उत्पादनका लागि निशुल्क लोक सेवा तथा शिक्षक सेवा आयोगको तयारी कक्षा संचालन गरिएको ।

२२. पशु चौपायमा देखिएको लम्फी स्कीन डिजीज रोगको रोगथामका लागि अभियान संचालन गर्नुका साथै विभिन्न निकायसंग समन्वय र सहकार्य गरि औषधी उपचार गर्ने कार्य भएको ।

२३. १२ औं गाउँ सभाको अवसरमा कृषि मेला प्रदशनी र कार्यक्रममा पालिका स्तरिय १२ जना र प्रत्येक वडावाट ७ जनाका दरले ४२ जनालाई सम्मान

२४.गाउँपालिकाको ५ वर्षे आवधिक योजना निर्माण र मध्यावधी खर्च संरचना निर्माण अन्तिम चरण रहेको ।

२५. मोवाईल स्वास्थ्य कार्यक्रम संचालन र प्रत्येक महिना गर्भवती सचेतना कार्यक्रम संचालन ।

२६. गाउँपालिका वाट यस आ.व.मा १८ वटा नया ऐन/कानून (ऐन २, निति/योजना ७, कार्यविधी ४, निर्देशिका २ र नमुना विधान ३) तयार भई कार्यान्वयनमा आएको ।

२७. ११ औं गाउँ सभावाट पारित भएका र १२ औं गाउँ सभाले केही परिमार्जन गरेका पूर्वाधारका योजनाहरुको हाल सम्म ८२.२० प्रतिशत (जम्मा ११८ संझौता, ९७ सम्पन्न र २१ सम्पन्न हुने क्रममा) कार्य सम्पन्न भएको ।